नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# सार्वजनिक खरिद अनुगमन कार्यालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र सं.: ०७६/७७
च.नं.

मिति: २०७७।०१।०३

## सार्वजनिक निकायहरुका लागि विद्युतीय खरिद प्रणाली(e-GP) मा बोलपत्र,आशयपत्र र सिलबन्दी दरभाउपत्र दाखिला गर्ने म्याद थप गर्ने/गराउने सम्बन्धी जरुरी सूचना

१. हाल देशमा कोरोना भाइरस(COVID 19) को संक्रमणको कारणले नेपाल सरकार (मन्त्रिपरिषद्) बाट Lock Down अवधि मिति २०७७।०१।१५ सम्म थप गरिएको सन्दर्भमा यस कार्यालयवाट संचालित विद्युतीय खरिद प्रणाली(www.bolpatra.gov.np/egp) मा सूचना प्रकाशन गरी आह्वान गरिएको बोलपत्र,आशयपत्र तथा सिलवन्दी दरभाउपत्रहरुको पेश गर्ने अन्तिम मिति र समय समाप्त नहुँदै सार्वजनिक निकायहरुले प्रतिस्पर्धा संकुचन नहुने गरी Lock Down अवधि पश्चात् मात्र बोलपत्र,आशयपत्र र सिलबन्दी दरभाउपत्र पेश गर्न समय पर्याप्त हुने गरी सम्वन्धित सार्वजनिक निकायले नै म्याद थप गर्ने व्यवस्था गर्न/गराउन हुन विद्युतीय खरिद प्रणाली संचालन निर्देशिका,२०७४ अनुसार जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२. साथै उपरोक्त व्यवस्थाको परिपालना प्रदेश र स्थानिय तह लगायत सम्पूर्ण सार्वजनिक निकायहरुले बोलपत्रदाताको आवतजावतको पहुँच सुनिश्चित हुने गरी गर्न गराउन हुन समेत यो सूचना प्रकाशित गरिएको छ ।

राज कुमार महर्जन
कम्प्युटर ईन्जिनियर